Symbol No. ....................

RE - 1051'KoP'

# SEE 2082 (2026)
## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा**

**पूर्णाङ्क : ७५**

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

### समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. राष्ट्रिय पहिचान भनेको के हो ?

२. मानव विकास सूचकाङ्कको गणना किन आवश्यक छ ? एउटा कारण लेख्नुहोस् ।

३. दाइजो प्रथाले समाजमा पार्न सक्ने कुनै एउटा असर लेख्नुहोस् ।

४. समाजमा अन्धविश्वास हटाउन तपाईं के गर्न सक्नुहुन्छ ? तपाईंले गर्न सक्ने कुनै एक कार्य लेख्नुहोस् ।

५. दोस्रो विश्वयुद्धमा नेपाली फौजले कुन देशको तर्फबाट युद्ध लडेका थिए ?

६. युरोपका राष्ट्रहरूबिच गुटबन्दी नभएको भए प्रथम विश्वयुद्ध हुँदैनथ्यो, किन ?

७. वैदेशिक रोजगारीका कुनै एक नकारात्मक प्रभाव लेख्नुहोस् ।

८. नोट सफा र सुरक्षित राख्नका लागि सचेतना जगाउने एउटा नारा लेख्नुहोस् ।

९. सूचना तथा सञ्चार प्रविधि भनेको के हो ?

१०. नेपालको जडीबुटीलाई विश्वव्यापीकरण गर्न के गर्नुपर्छ ? एक वाक्यमा उल्लेख गर्नुहोस् ।

११. जथाभावी फोहोर गर्ने व्यक्तिलाई तपाईं के भनेर सम्झाउनुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

### समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. "सामाजिकीकरणमा घर परिवारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ" यस भनाइलाई आफ्नो अनुभव समेतको आधारमा प्रष्ट पार्नुहोस् ।

१३. सङ्घीय शासन प्रणालीका विशेषता चार बुँदामा उल्लेख गर्नुहोस् ।

१४. "सम्पदा संरक्षणमा स्थानीय सरकारको भूमिका" शीर्षकमा सम्पादकीय तयार पार्नुहोस् ।

१५. "हाम्रा राष्ट्रिय दिवस हाम्रा गौरव हुन् ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

अथवा

नेल्सन मन्डेला र मलाला युसुफजाईको जीवनीबाट युवाहरूले कस्ता प्रेरणा लिनुपर्छ ? दुई दुईओटा बुँदा लेख्नुहोस् ।

१६. नेपालमा भ्रष्टाचार न्यूनीकरणका लागि गर्नुपर्ने चार कार्य लेख्नुहोस् ।

१७. व्यवस्थापिकाका कुनै चार कार्य लेख्नुहोस् ।

क्रमशः

१८. उष्ण मनसुनी हावापानीका कुनै चारओटा विशेषता उल्लेख गर्नुहोस् ।

१९. संयुक्त राष्ट्रसङ्घका अङ्गहरूमध्ये कुनै एक अङ्गको परिचय र कार्यसम्बन्धमा दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

२०. पारिवारिक योजना भनेको के हो ? यसको महत्त्व तीन बुँदामा उल्लेख गर्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४×७=२८)

२१. देशमा शान्ति र सुशासन कायम गर्दै देशलाई समृद्ध बनाउन सङ्घीय सरकारको भूमिका कस्तो हुनुपर्छ ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) कञ्चनजङ्घा हिमाल (ख) पोखरा

(ग) पूर्वपश्चिम राजमार्ग (घ) कपास उत्पादन क्षेत्र

वा

पृष्ठभरिको उत्तर अमेरिका महादेशको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) रक्की पर्वत (ख) पनामा नहर

(ग) न्यूयोर्क (घ) हड्सनको खाडी

**दृष्टिविहीनका लागि मात्र**

भूकम्पबाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् ।

२३. नेपालको इतिहासमा वि.सं. २०४७ सालपछि भएका सामाजिक तथा राजनीतिक परिवर्तनहरू उल्लेख गर्नुहोस् ।

२४. 'ग्रामीण क्षेत्रको विकासमा सहकारीको महत्त्व' शीर्षकमा एउटा पत्रिकाका लागि लेख तयार पार्नुहोस् ।

-✍-

Symbol No. ....................

RE - 1051'MP'

SEE 2082 (2026)

# अनिवार्य सामाजिक अध्ययन

समय : ३ घण्टा                                                                 पूर्णाङ्क : ७५

*दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :*

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** (११×१=११)

१. नेपाल र नेपालीलाई विश्वमा चिनाउने कुनै दुई राष्ट्रिय गौरवको नाम लेख्नुहोस् ।

२. नेपालको मानव विकास सूचकाङ्कमा सुधार गर्न के गर्नुपर्छ ? कुनै एउटा उपाय लेख्नुहोस् ।

३. यौन विकृतिले समाजलाई कस्तो असर पार्छ ? कुनै एक असर उल्लेख गर्नुहोस् ।

४. घरेलु हिंसा विरुद्ध जनचेतना जगाउने नारासहित प्लेकार्डको नमुना तयार पार्नुहोस् ।

५. वि.सं. २०४६ को जनआन्दोलनको मुख्य उद्देश्य के थियो ?

६. वि.सं. २०१७ सालमा दलमाथि प्रतिवन्ध लगाउनु ठिक थियो कि थिएन ? एक वाक्यमा आफ्नो तर्कसहित लेख्नुहोस् ।

७. प्रत्यक्ष करको एउटा उदाहरण दिनुहोस् ।

८. तपाईंको परिवारको आर्थिक समृद्धिका लागि ऊर्जाको उपयोग कसरी गर्नुहुन्छ ?

९. हाल सक्रिय नभएको संयुक्त राष्ट्रसङ्घको अङ्ग कुन हो ?

१०. सामाजिक सञ्जालको प्रयोगलाई कसरी सुरक्षित वनाउन सकिन्छ ? एउटा उपाय लेख्नुहोस् ।

११. आफ्नो जीवनलाई स्वस्थ वनाउन तपाईंले गरेको कुनै एउटा अभ्यास उल्लेख गर्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** (९×४=३६)

१२. पहिचानले व्यक्ति र समुदायका विशिष्टतालाई जनाउँछ भन्ने तथ्यलाई उदाहरण सहित प्रष्ट्याउनुहोस् ।

१३. नेपालमा सञ्चालित राष्ट्रिय गौरवका आयोजनामध्ये कुनै दुईको सङ्क्षिप्त परिचय दिनुहोस् ।

१४. 'विश्व शान्तिका लागि विश्ववन्धुत्वको भावना' शीर्षकमा एक सम्पादकीय तयार पार्नुहोस् ।

१५. जेष्ठ नागरिकलाई खुसी र सन्तुष्ट राख्न गर्नुपर्ने चार कार्य लेख्नुहोस् ।

अथवा

"लोक बाजा संरक्षण गर्नु हाम्रो दायित्व हो" यस भनाइलाई प्रष्ट पार्नुहोस् ।

क्रमशः

१६. दाइजो प्रथाले नेपाली समाजमा पारेका प्रभावहरू उल्लेख गर्नुहोस् ।

१७. नेपालमा उपभोक्तालाई प्राप्त हुने कुनै चार अधिकार लेख्नुहोस् ।

१८. उष्ण तृणभूमि र समशीतोष्ण तृणभूमि हावापानी क्षेत्रबिचको चारओटा भिन्नता उल्लेख गर्नुहोस् ।

१९. सूचना प्रविधिलाई तपाईंले कुन कुन क्षेत्रमा कसरी प्रयोग गर्नु भएको छ ? चारओटा उदाहरण लेख्नुहोस् ।

२० भौगोलिक क्षेत्रका आधारमा नेपालको जनसङ्ख्या वितरण असमान हुनुका कारण लेख्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४×७=२८)**

२१ संसदीय शासन प्रणालीमा शक्ति पृथकीकरण र शक्ति सन्तुलनको आवश्यकता प्रष्ट पार्नुहोस् ।

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) कालीगण्डकी नदी
(ख) शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज
(ग) मध्यपहाडी लोकमार्ग
(घ) कञ्चनजङ्घा हिमाल

अथवा

पृष्ठभरिको दक्षिण अमेरिका महादेशको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) पम्पास घाँसे मैदान
(ख) एन्डिज पर्वत श्रृङ्खला
(ग) अमेजन नदी
(घ) फोकल्यान्ड टापु

**दृष्टिविहीनका लागि मात्र**

| |
|---|
| भूकम्पबाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् । |

२३. प्रथम विश्वयुद्धका छओटा कारण उल्लेख गरी कुनै दुई कारणको व्याख्या गर्नुहोस् ।

२४ 'हाम्रो जीवनमा वित्तीय शिक्षाको महत्त्व'. शीर्षकमा दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

Symbol No. ....................

RE - 1051'BP'

## SEE 2082 (2026)

## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

### समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. नेपालको राष्ट्रिय गौरव झल्काउने कुनै दुई सम्पदाको नाम लेख्नुहोस् ।

२. सङ्घीय शासन व्यवस्थाको कुनै एक चुनौती लेख्नुहोस् ।

३. छाउपडी प्रथा भनेको के हो ?

४. मानौं तपाईंको साथीलाई एकजना आफन्तले घरेलु हिंसा गर्दा रहेछन् । यो कुरा थाहा पाएपछि तपाईंले साथीलाई के सल्लाह दिनुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

५. प्रथम विश्व युद्धताका नेपालको प्रधानमन्त्री को थिए ?

६. दोस्रो विश्वयुद्धले विश्वव्यापी आर्थिक सङ्कट कसरी निम्त्यायो ? एक वाक्यमा लेख्नुहोस् ।

७. प्रत्यक्ष करको एक विशेषता लेख्नुहोस् ।

८. तपाईंले खुत्रुकेमा जम्मा गरेको पैसा बैङ्कमा जम्मा गर्नु परेमा बचत र चल्ती खातामध्ये कुन खातामा जम्मा गर्नुहुन्छ, किन ?

९. संयुक्त राष्ट्र सङ्घको प्रधान कार्यालय कहाँ छ ?

१०. विश्वव्यापीकरणबाट नेपालले कसरी फाइदा लिन सक्छ ? एक वाक्यमा लेख्नुहोस् ।

११. गुणस्तरीय जीवन कायम गर्न तपाईंको परिवारमा गरेको एउटा अभ्यासको उदाहरण दिनुहोस् ।

### समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. व्यक्तिका लागि सामाजिकीकरणको प्रक्रिया किन महत्त्वपूर्ण छ ? चार बुँदामा प्रष्ट पार्नुहोस् ।

१३. दिगो विकासको अवधारणाअनुसार विकास कार्य गर्दा ध्यान दिनुपर्ने कुरा चार बुँदामा लेख्नुहोस् ।

१४. सम्पदा संरक्षणका लागि स्थानीय सरकारले के कस्ता कार्यहरू गर्नुपर्छ भन्ने कुरा उल्लेख गरी स्थानीय सरकारलाई पत्र लेख्नुहोस् ।

१५. के मलाला युसुफजाई साँच्चिकै प्रेरणादायी व्यक्तित्त्व हुन् ? तर्कसहित आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

अथवा

लोकगीतमा मौलिकता जोगाउन युवाहरूको भूमिका कस्तो हुनुपर्छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

१६. मानव बेचबिखन अन्त्य गर्न कानुन बनाएर मात्र पुग्दैन । यसका लागि अरु के के गर्नुपर्छ ? सुझाव प्रस्तुत गर्नुहोस् ।

१७. नेपालमा राजनीतिक दल दर्तासम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस् ।

१८. नेपालमा आउन सक्ने कुनै चारओटा प्राकृतिक विपत्को सूची बनाई तिनीहरूबाट सुरक्षित रहने एक एकओटा उपाय लेख्नुहोस् ।

१९. समसामयिक घटनाबारे जानकार हुनुपर्छ भन्ने विषयमा दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

२०. नेपालमा भौगोलिक रूपमा जनसङ्ख्या वितरण समान रहेको पाइँदैन, यसका चार कारण बुँदागत रूपमा लेख्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४×७=२८)**

२१. उपभोक्ता अधिकार भनेको के हो ? उपभोक्ता अधिकार संरक्षणका लागि एक सचेत उपभोक्ताको भूमिका कस्तो हुनुपर्छ ? छ बुँदामा उल्लेख गर्नुहोस् । (१+६= ७)

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) जुट उत्पादन क्षेत्र (ख) नारायणी नदी

(ग) नेपालगन्ज (घ) सैपाल हिमाल

अथवा

पृष्ठभरिको दक्षिण अमेरिका महादेशको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) एन्डिज पर्वत (ख) टिटिकाका ताल

(ग) उरुग्वे (घ) अमेजन नदी

**दृष्टिविहीनका लागि मात्र**

| |
|---|
| भूकम्पबाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् । |

२३. पञ्चायती व्यवस्था उदयको पृष्ठभूमि लेखी यसको पतनका कारणहरू उल्लेख गर्नुहोस् ।

२४. नेपालमा पर्यटनको महत्त्व र प्रवर्धन गर्ने उपाय समेटी साथीलाई पठाउने इमेलको नमुना तयार पार्नुहोस् ।

Symbol No. ....................

RE - 1051'GP'

# SEE 2082 (2026)

## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. नेपालको झन्डामा प्रयोग भएको कुन रङ शान्तिको प्रतीक हो ?

२. नेपालको मानव विकास सूचकाङ्कको अवस्थामा सुधार गर्न के गर्नुपर्ला ? कुनै एक सुझाव दिनुहोस् ।

३. घरेलु हिंसा हुनसक्ने एक कारण लेख्नुहोस् ।

४. मानव बेचबिखनविरुद्ध जनचेतना जगाउने एउटा नारा तयार पार्नुहोस् ।

५. वि.सं. २०३७ वैशाख २० गते भएको जनमत सङ्ग्रहमा नागरिकलाई दिइएका दुई विकल्प के के थिए ?

६. वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापनापछि पनि सरकारको नेतृत्व राणा प्रधानमन्त्री मोहन शमशेरले नै गर्नु ठिक थियो या थिएन, किन ? एक वाक्यमा तपाईंको विचार लेख्नुहोस् ।

७. बिमाको एक महत्त्व लेख्नुहोस् ।

८. तपाईं कुनै एक सहकारी संस्थाको अध्यक्ष बन्नुभयो भने उक्त संस्थाका सदस्यहरूको विश्वास जित्न के गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

९. संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा विशेषाधिकार (भिटो) प्रयोग गर्न सक्ने कुनै दुई राष्ट्रको नाम लेख्नुहोस् ।

१०. सूचना तथा प्रविधिको प्रयोगले तपाईंको दैनिक गतिविधिमा कसरी सहजता ल्याएको छ ? एक वाक्यमा प्रष्ट पार्नुहोस् ।

११. तपाईं आफ्नो समुदायमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग कसरी गर्नुहुन्छ ?

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. "व्यक्तिलाई असल र जिम्मेवार नागरिक बनाउन सामाजिकीकरणले सहयोग पुऱ्याउँछ" यस भनाइलाई उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

१३. दिगो विकास भनेको के हो ? यसका कुनै तीन आयामको छोटकरीमा वर्णन गर्नुहोस् ।

१४. 'लोकगीतको संरक्षण र संवर्धनमा युवापुस्ताको भूमिका' शीर्षकमा एउटा सम्पादकीय तयार पार्नुहोस् ।

१५. "वर्तमान विश्वमा विश्वबन्धुत्व र मानवताको आवश्यकता रहेको छ ।" यस भनाइलाई प्रष्ट पार्नुहोस् ।

अथवा

"राष्ट्रिय दिवसहरू औपचारिकताका लागि हैन ती दिवसका मर्मअनुसार मनाइनुपर्छ ।" कुनै एक राष्ट्रिय दिवसको सन्दर्भमा यस भनाइलाई पुष्टि गर्नुहोस् ।

१६. "सामाजिक समस्या तथा विकृति समाज रूपान्तरणका बाधक तत्त्वहरू हुन् ।" यस भनाइलाई उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

१७. मानव अधिकार संरक्षणमा कार्यरत सङ्घसंस्थामध्ये कुनै एकको नाम लेखी उक्त संस्थाले गर्ने तीनओटा कार्य उल्लेख गर्नुहोस् ।

१८. सामुद्रिक दुरी र जमिनको उचाइले हावापानीमा कसरी प्रभाव पार्छन् ? उदाहरणसहित प्रष्ट पार्नुहोस् ।

१९. हालसालै देशभित्र वा विदेशमा घटेको कुनै एक महत्त्वपूर्ण घटना समेटी समाचारको नमुना तयार पार्नुहोस् ।

२०. गुणस्तरीय जीवन भनेको के हो ? यसका आधारहरूको सूची बनाउनुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४×७=२८)**

२१. निर्वाचनमा जनताको मत प्राप्त गर्नका लागि राजनीतिक दलले कस्तो भूमिका खेल्नुपर्छ ? सात सुझाव दिनुहोस् ।

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) पशुपतिनाथ मन्दिर (ख) माछापुच्छ्रे हिमाल

(ग) जुट उत्पादन क्षेत्र (घ) मध्यपहाडी लोकमार्ग

अथवा

पृष्ठभरिको दक्षिण अमेरिका महादेशको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) फोक्ल्यान्ड टापु (ख) अमेजन नदी

(ग) एन्डिज पर्वत श्रेणी (घ) पम्पास घाँसे मैदान

**दृष्टिविहीनका लागि मात्र**

भूकम्पबाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् ।

२३. दोस्रो विश्वयुद्धको छओटा कारण उल्लेख गरी कुनै दुईको व्याख्या गर्नुहोस् ।

२४. 'नेपालमा जलविद्युतको सम्भावना' शीर्षकमा दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

Symbol No. ...................

RE - 1051'LP'

**SEE 2082 (2026)**

**अनिवार्य सामाजिक अध्ययन**

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. नेपालको राष्ट्रिय गौरव बढाउने कुनै दुई सांस्कृतिक सम्पदाको नाम लेख्नुहोस् ।

२. तोकिएको समयमा विकास आयोजना सम्पन्न गर्न के गर्नुपर्छ ? एउटा सुझाव दिनुहोस् ।

३. तपाईंको समाजमा रहेको अन्धविश्वासको एक उदाहरण लेख्नुहोस् ।

४. दाइजो प्रथा विरुद्ध जनचेतना जगाउने एक नारा तयार गर्नुहोस् ।

५. दोस्रो विश्व युद्धताका नेपालका प्रधानमन्त्री को थिए ?

६. प्रथम विश्वयुद्धपछि भएको भर्सेलिजको सन्धिलाई दोस्रो विश्वयुद्धको मुख्य कारण मानिन्छ, किन ?

७. ऊर्जाको एक महत्त्व लेख्नुहोस् ।

८. तपाईंले आफूसँग भएको पैसा बैङ्कमा राख्नु परेमा चल्ती वा बचत कुन खातामा राख्नुहुन्छ, किन ?

९. संयुक्त राष्ट्र सङ्घमा प्रयोग हुने कुनै दुई आधिकारिक भाषाको नाम लेख्नुहोस् ।

१०. तपाईं आफू बसेको स्थानीय तहको प्रमुख हुनुभयो भने त्यस क्षेत्रको कुनै एक प्रमुख उत्पादनलाई विश्वव्यापीकरण गर्न के गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

११. तपाईंको परिवारमा आम्दानी वा अन्य स्रोतको उचित व्यवस्थापन गरी परिवारलाई सुखी गराउन के गर्नुहुन्छ ?

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. विविधतायुक्त नेपाली समाजमा आपसी सद्भाव कायम राख्ने चारओटा सुझाव दिनुहोस् ।

१३. मानव विकास सूचकाङ्कमा कसरी सुधार ल्याउन सकिन्छ ? चार बुँदामा लेख्नुहोस् ।

१४. लोकगीत तथा लोक नृत्यको महत्त्व झल्किने गरी दुई साथीबिच गरिएको संवाद तयार पार्नुहोस् ।

१५. स्थानीय सम्पदा संरक्षण गर्न स्थानीय सरकार नै बढी जिम्मेवार हुनुपर्छ, किन ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

अथवा

"विश्वबन्धुत्व र मानवता आजको आवश्यकता" यस भनाइलाई प्रष्ट पार्नुहोस् ।

क्रमशः

१६. नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि अवलम्बन गर्न सकिने उपाय चार बुँदामा लेख्नुहोस् ।

१७. कार्यपालिकाको चार प्रमुख कार्यहरूको सूची बनाई कुनै एकको सङ्क्षिप्त वर्णन गर्नुहोस् ।

१८. अक्षांश र पहाडको उपस्थितिले कुनै पनि स्थानको हावापानीमा कसरी प्रभाव पार्दछन् ? वर्णन गर्नुहोस् ।

१९. सूचना प्रविधिको महत्त्व उल्लेख गर्दै साथीलाई पठाउने इमेलको नमुना तयार पार्नुहोस् ।

२०. जनसङ्ख्या वितरण भनेको के हो ? नेपालको भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरण असमान हुनुको कारण लेख्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४×७=२८)**

२१. निर्वाचन भनेको के हो ? निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन निर्वाचन आयोग, नागरिक समाज र मतदाताले खेल्नुपर्ने दुई दुईओटा भूमिका उल्लेख गर्नुहोस् । (१+२+२+२= ७)

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) चितवन राष्ट्रिय निकुञ्ज (ख) महाकाली नदी

(ग) जनकपुर (घ) धवलागिरी हिमाल

अथवा

पृष्ठभरिको दक्षिण अमेरिकाको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) अमेजन नदी (ख) पाटागोनिया मरुभूमि

(ग) ब्राजिलियन उच्च भूमि (घ) फोल्कल्यान्ड टापु

**दृष्टिविहीनका लागि मात्र**

भूकम्पबाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाइँ के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् ।

२३. वि.सं. २०६३ पछिका कुनै छओटा राजनीतिक घटना उल्लेख गरी तीमध्ये कुनै दुईको सङ्क्षिप्त वर्णन गर्नुहोस् ।

२४. 'वित्तीय शिक्षा र यसको उपयोग' शीर्षकमा एउटा लेखको नमुना तयार पार्नुहोस् ।

-x-

Symbol No. ....................

RE - 1051'KaP

# SEE 2082 (2026)
## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

### समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. सामाजिकीकरणमा सहयोग पुऱ्याउने कुनै दुई निकायको नाम लेख्नुहोस् ।

२ नेपालमा सङ्घीय शासन प्रणाली लागु भएपछिको कुनै एक उपलब्धि लेख्नुहोस् ।

३. नेपालमा सामाजिक सुधारका लागि युनिसेफले खेलेको एउटा भूमिका उल्लेख गर्नुहोस् ।

४. दाइजो प्रथा विरुद्ध सचेतना जगाउने नारासहित् एउटा प्लेकार्डको नमुना बनाउनुहोस् ।

५. साराजेभोमा हत्या गरिएका राजकुमार फ्रान्सिस फर्डिन्यान्ड र उनकी पत्नी कुन देशका थिए ?

६. संयुक्त राष्ट्रसङ्घको स्थापना दोस्रो विश्वयुद्धको एउटा उपलब्धि थियो, किन ?

७. उर्जाका स्रोतहरूमध्ये सबैभन्दा बढी प्रयोग हुने मुख्य दुई स्रोत लेख्नुहोस् ।

८. तपाईं मोबाइल बैङ्किङको प्रयोग केका लागि गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

९. विश्वव्यापीकरण भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

१०. जलवायु परिवर्तनले मानव जीवनलाई कसरी प्रभाव पार्छ ?

११. तपाईंले स्वस्थ जीवनशैली अवलम्बन गर्न के गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

### समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. "नेपाली समाजमा विविधताहरूको बिच सुमधुर सद्भाव र एकता कायम रहेको छ" यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

१३. दिगो विकासको परिचयसहित यसको महत्त्व तीन बुँदामा उल्लेख गर्नुहोस् ।

१४. तपाईंको विद्यालयमा बाल दिवस मनाउनका लागि कार्यक्रम सूची तयार गर्नुहोस् ।

१५. "विश्वबन्धुत्वको भावना विश्वमा शान्ति स्थापना गर्ने आधार हो ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

अथवा

"हाम्रा लोकगीत र लोकबाजाले हाम्रो समाजको विशेषता झल्काउँछन् ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

१६ सामाजिक समस्या र विकृतिले समाज विकासमा कसरी बाधा पुऱ्याउँछन् ? आफ्नो विचार चार बुँदामा लेख्नुहोस् ।

१७ न्यायपालिकाका कुनै चारओटा कार्य लेख्नुहोस् ।

क्रमशः

१८. नेपाल विश्वको कुन हावापानी क्षेत्रमा अवस्थित छ ? उक्त हावापानीका तीन विशेषता लेख्नुहोस् ।

१९. यदि तपाईं संयुक्त राष्ट्रसङ्घको महासचिव हुंनु भएको भए, विश्वमा चलिरहेको युद्ध अन्त्य गर्न के के गर्नुहुन्थ्यो ? चार बुँदामा लेख्नुहोस् ।

२०. पछिल्लो जनगणनामा नेपालको जनसङ्ख्या वृद्धिदर घट्नुका कुनै चारओटा कारण लेख्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **(४×७=२८)**

२१. उपभोक्ता अधिकारबारे सचेत नभएमा हुनसक्ने कुनै तीन समस्या उल्लेख गर्दै सचेत उपभोक्ताले त्यस्ता समस्याबाट सुरक्षित रहनका लागि ध्यान दिनुपर्ने कुनै चारओटा पक्ष लेख्नुहोस् । (३+४=७)

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) लामटाङ हिमाल (ख) सुर्खेत

(ग) पूर्वपश्चिम राजमार्ग (घ) मेची नदी

अथवा

पृष्ठभरिको उत्तर अमेरिकाको नक्सा कोरी निम्न तथ्यहरूलाई उचित सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) अलास्का (ख) सुपेरियर ताल

(ग) न्यूयोर्क (घ) प्रेरिज घाँसे मैदान

**दृष्टिविहीनका लागि मात्र**

| |
|---|
| भूकम्पबाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् । |

२३. नेपालको इतिहासमा वि.सं. २००७ को राजनीतिक परिवर्तनपछि भएका सामाजिक तथा आर्थिक उपलब्धिहरू बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

२४. नेपालमा बिमाको महत्त्व सम्बन्धमा दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

-ॐ-

Symbol No. ...................

RE - 1051'SP'

# SEE 2082 (2026)

## अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

### समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. सामाजिकीकरण प्रक्रियाको एक महत्त्व लेख्नुहोस् ।

२. नेपालले मानव विकास सूचकाङ्कको स्थिति सुधार गर्न के गर्नुपर्ला ? एउटा उपाय उल्लेख गर्नुहोस् ।

३. अन्तर्राष्ट्रिय श्रम सङ्गठनले गर्दै आएको कुनै एक कार्य लेख्नुहोस् ।

४. अन्धविश्वास विरुद्ध जनचेतना जगाउने एक नारासहित् प्लेकार्डको नमुना तयार पार्नुहोस् ।

५. अन्तरिम सरकार भनेको के हो ?

६. वि.सं. २०६२/६३ को जनआन्दोलनको कुनै एक उपलब्धि लेख्नुहोस् ।

७. मुद्धती खाता र बचत खाताविच एउटा भिन्नता देखाउनुहोस् ।

८. तपाईं पर्यटकका रूपमा कुनै ठाउँको भ्रमण गर्दा वातावरणमा नकारात्मक प्रभाव पर्न नदिन के गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

९. संयुक्त राष्ट्रसङ्घको स्थापना किन गरिएको हो ? एउटा कारण लेख्नुहोस् ।

१०. नेपालले परराष्ट्र सम्वन्ध सुमधुर राख्न कस्तो नीति अवलम्वन गर्नुपर्छ ? एक वाक्यमा प्रष्ट पार्नुहोस् ।

११. समुदायमा जनसङ्ख्या र वातावरणविच सन्तुलन कायम गर्न तपाईंले गर्न सक्ने एक कार्य लेख्नुहोस् ।

### समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९ × ४ = ३६)**

१२. हामी नेपालीले हाम्रो राष्ट्रिय पहिचान संरक्षण गर्नका लागि के गर्नुपर्छ ? चार बुंदामा लेख्नुहोस् ।

१३. दिगो विकासका लागि ध्यान दिनुपर्ने महत्त्वपूर्ण चार पक्षहरू उल्लेख गर्नुहोस् ।

१४. 'राष्ट्रिय सम्पदा संरक्षणमा विद्यार्थीको भूमिका' शीर्षकमा एक वक्तृता तयार पार्नुहोस् ।

१५. "सामाजिक मूल्य मान्यता र अनुभवका स्रोत जेष्ठ नागरिक हुन् ।" यस भनाइलाई प्रष्ट पार्नुहोस् ।

अथवा

हाम्रा लोकबाजाको संरक्षण कसरी गर्न सकिन्छ ? आफ्नो विचार व्यक्त गर्नुहोस् ।

क्रमश:

१६. यौन दुर्व्यवहारले समाजमा कस्तो असर पार्छ ? चार बुँदामा उल्लेख गर्नुहोस् ।

१७. लोकतन्त्रलाई सबल बनाउन राजनीतिक दलको भूमिका उल्लेख गर्नुहोस् ।

१८. भूमध्यसागरीय हावापानीको चार विशेषता लेख्नुहोस् ।

१९. सूचना तथा सञ्चार प्रविधिले दैनिक जीवनलाई कसरी सहज बनाउन सकिन्छ भन्ने विषयमा दुई साथीबिचको संवाद तयार गर्नुहोस् ।

२०. गुणस्तरीय तथा स्वस्थ जीवनशैली कायम गर्न के गर्नुपर्छ ? चार बुँदामा उल्लेख गर्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४ × ७ = २८)

२१. व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबिच शक्ति सन्तुलनको आवश्यकता पर्दछ, किन ? उदाहरणसहित् पुष्टि गर्नुहोस् ।

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) खप्तड राष्ट्रिय निकुञ्ज (ख) कर्णाली नदी

(ग) पृथ्वी राजमार्ग (घ) सगरमाथा हिमाल

अथवा

पृष्ठभरिको दक्षिण अमेरिका महादेशको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) अमेजन नदी (ख) भूमध्यरेखा

(ग) पाटागोनिया मरूभूमि (घ) टिटिकाका ताल

**दृष्टिविहीनका लागि मात्र**

भूकम्पबाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् ।

२३. प्रथम विश्वयुद्धको चार परिणाम उल्लेख गर्दै त्यस युद्धमा नेपालले कस्तो भूमिका खेलेको थियो ? वर्णन गर्नुहोस् ।

२४. वैदेशिक रोजगारीका क्रममा विदेशमा रहँदा आउनसक्ने समस्या र ती समस्याहरूको समाधानका उपायबारे सचेत गराउँदै वैदेशिक रोजगारीमा रहनु भएका आफन्तलाई चिठी लेख्नुहोस् ।